# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
## विराटनगर ।

☎ : ५३२०२२/५३४८०० (Ext.111)
फ्याक्स : ९७७–२१–५२८४९१
इमेल : puoemgt@wlink.com.np


मिति :२०७७/०६/२८

श्री क्याम्पस प्रमुखज्यू,

**BBA,BHM,BHCM,BTTS,BFDM,BFD शैक्षिक कार्यक्रम अध्यापन गराउने सम्पूर्ण क्याम्पस/कलेजहरु ।**

**विषयः- परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।**

पूर्वाञ्चल विश्वविद्यालयद्वारा व्यवस्थापन संकाय अन्तर्गत सेमेष्टर परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक तह ४/३ वर्षे **BBA,BHM, BHCM,BTTS, BFDM,BFD** शैक्षिक कार्यक्रमको **दोश्रो, चौथो, छैटौ र आठौ सेमेष्टर** अन्तर्गत त्यस क्याम्पस / कलेजमा नियमितरूपमा अध्ययन गरी आन्तरिक मूल्याङ्कन परीक्षामा उत्तीर्ण भएका **नियमित तथा आंशिक** विद्यार्थीहरूलाई **मिति २०७७/१०/२० गते** सम्म परीक्षा आवेदन फाराम भराई **मिति २०७७/१०/२३** गते भित्र **परीक्षा आवेदन फाराम र नियमानुसारको परीक्षा शुल्क तथा सम्बन्धन शुल्क वापतको रकम यस कार्यालयको नविल बैक लि.को CALL A/C 0706010310803** मा जम्मा गरी सो को सक्कलै भौचर यस कार्यालयमा उपलब्ध गराई दिनुहुन जानकारी गराइएको छ । तोकिएको मितिभित्र **परीक्षा आवेदन फाराम भर्न छुट** भएका परीक्षार्थीहरूलाई **बिलम्ब शुल्क सहित मिति २०७७/१०/२७ गते** भित्र परीक्षा आवेदन फाराम भराई आवेदन फाराम र नियमानुसारको परीक्षा शुल्क र विलम्व शुल्क वापतको रकम **मिति २०७७/१०/२६ गते** भित्र यस कार्यालयको CALL A/C 0706010310803 मा जम्मा गरी सो को सक्कलै भौचर **कलेज / क्याम्पसहरुले कलेजका प्रतिनिधि मार्फत पू. वि. परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा उपलब्ध गराउन समेत जानकारी गराइन्छ ।** त्यस पछि प्राप्त भएका परीक्षा आवेदन फाराम उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउँदै सम्बन्धित परीक्षार्थीहरूलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान ________ यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । **साथै परीक्षा आवेदन फारम भराई सकेपछि तपसिल बमोजिमको निर्देशनहरु अनिवार्यरुपमा पालन गरि/गराई परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराउन हुन समेत जानकारी गराईन्छ ।**

*साथै सम्बन्धित शैक्षिक कार्यक्रमको पाठ्यक्रममा तोकिएअनुसारको पूर्णाङ्कको क्याम्पसस्तरमा लिइएको आन्तरिक मूल्याङ्कन परीक्षाको प्राप्ताङ्क पठाउँदा सम्बन्धित विषय शिक्षकको हस्ताक्षर र सोमा क्याम्पसका प्राचार्यले प्रमाणित गरी क्याम्पसको छाप समेत लगाई सम्बन्धित सेमेष्टरको परीक्षा आवेदन फाराम संगै यस कार्यालयमा उपलब्ध गराउनसमेत जानकारी गराइएको छ । परीक्षा आवेदन फारम साथ आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क उपलब्ध नभएमा त्यस्ता विद्यार्थीहरूलाई परीक्षामा सामेल नगराइने व्यहोरासमेत अवगत गराईन्छ ।*

तपसिल

(१) परीक्षार्थीहरूले परीक्षा आवेदन फाराममा भरेको विवरणको नाम, विषयहरू र अन्य विवरणसमेत पूर्णरूपले रूजु गरी **Batch** छुट्याई परीक्षार्थीको नामअनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई प्रत्येक **Batch** को छुट्टाछुट्टै अभिलेख तयार गरी पठाउनु पर्नेछ । साथै परीक्षा फाराममा सम्बन्धित विद्यार्थीले भर्नु पर्ने विषय फरक परेमा उक्त विषय सच्याउन प्रति विषय रू ५००।- पू.वि. परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा शुल्क बुझाउनु पर्ने छ ।

(२) **परीक्षा आवेदन फराममा प्रत्येक परीक्षार्थीले आफ्नो रजिष्ट्रेशन नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ । कुनै विद्यार्थीको रजिष्ट्रेशन सम्बन्धी कागजातहरू नपुग भई रजिष्ट्रेशन हुन नसकेमा त्यस्ता परीक्षार्थीहरूको फाराम स्वीकृत हुने छैन ।**

(३) आंशिक परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरूले ग्रेटसिटको प्रतिलिपि अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

(४) सम्बन्धित क्याम्पस/कलेजहरूले परीक्षा आवेदन फाराम पठाउँदा परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरूको विषयगत संख्या **(Subject-wise Data)** खुलाई अनिवार्यरूपले **Batch** अनुसार संलग्न गरी पठाउनु पर्नेछ ।

(५) परीक्षा आवेदन फाराममा रहेको तीन वटा फोटोमध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्ने र अन्य दुई वटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।

(६) परीक्षा आवेदन फारामको पछाडि रहेको सम्बन्धित परीक्षार्थीको हाजिरी प्रतिशत अनिवार्यरूपमा उल्लेख गर्नुपर्नेछ । **आंशिक परीक्षाका लागि आवेदन गर्ने परीक्षार्थीले अनुत्तीर्ण भएको वर्ष र रोल नम्बरसमेत स्पष्टरूपमा उल्लेख गरेको हुनुपर्नेछ ।**

(७) प्रत्येक परीक्षार्थीले प्रत्येक खण्डको छुट्टा छुट्टै परीक्षा आवेदन फाराम भर्नुपर्नेछ । तसर्थ कुनै परीक्षार्थीले कुनै खण्डको नियमित वा आंशिक विषय भरेको परीक्षा आवेदन फाराममा अर्को खण्डको विषय उल्लेख गर्न पाइने छैन । त्यसरी एकभन्दा बढी खण्डका विषय भरी परीक्षा आवेदन फाराम पठाइएमा पहिले परीक्षा हुने खण्डको परीक्षाका लागि मात्र मान्यता दिइनेछ ।

(८) परीक्षा आवेदन फाराममा लिखित तथा प्रयोगात्मक दुबै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन ।

(९) **परीक्षा शुल्क देहाय बमोजिम हुनेछ–**

| विवरण | | शुल्क |
|---|---|---|
| **परीक्षा शुल्क (नियमित):** | | रू. ११००।- |
| **परीक्षा शुल्क (आंशिक):** | *१) एक विषयसम्म* | रू. ५००।- |
| | *२) दुई विषय भएमा* | रू. ८००।- |
| | *३) दुई भन्दा बढी विषय भएमा* | रू. ११००।- |
| **बिलम्ब शुल्क:** | | |
| *तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र थप* | | रू. १०००।- |
| *परीक्षा शुरु हुनु भन्दा १० दिन अगाडी सम्म* | | रू. २०००।- |
| *परीक्षा शुरु हुनु भन्दा ५ दिन अगाडी सम्म* | | रू. ३०००।- |

परीक्षा नियन्त्रक